# मादक पदार्थ र सवारी चालक

लेखक प्रकाश पौडयाल

मादक पदार्थ शेवनगरी सवारी चलाउनाको कारण बिश्वमा प्रति दिन हजारौं निर्दोश ब्यक्तीहरुले आफनो ज्यान गुमाउनु परेको हुन्छ। जर्मनी, भारत, अमेरीका, मेक्सीको, र अझ विशेष गरी दक्षीण अमेरीकी राष्टहरु यस बिकराल समस्याको प्रमुख पकंतीमा पर्दछन्। यहि कारण जर्मनीमा मात्रै प्रति बर्ष दुई हजार जनाले ज्यान गुमाउने गर्दछन्। संसारको सबै भन्दा बडी सवारी गुड्ने राष्ट अमेरीकामा प्रति बर्ष सत्र हजार पांच सय जनाको ज्यान जाने गर्दछ, जसको फलस्वरुप प्रति बर्ष १ खरब १४ अरब डलर आर्थीक क्षती हुने गर्दछ। मादक पदार्थ शेवन बिरुद्ध गठित संगठनहरुका प्रतिवेदन अनूसार युवा समुहहरु यस समस्याको प्रमूख कारक तत्वकोरुपमा रहेका छन्। दिन प्रति दिन बड्दो सवारी साधन, युवा जनसख्ंया र उचीत शिक्षाको अभाबका कारण यो समस्या अझ बडै् गएको छ।

यहां बिश्वका केही राष्टहरुको प्रचलीत कानुनहरु उल्लेख गर्नु सांदर्भीक हुन्छ।

अस्टेलिया : यस देशमा मादक पदार्थ शेवनगरी सवारी चलाउने चालकको फोटो र हुलिया प्रमुख समाचार पत्रमा`` जड्या र जेल चलान`` शिर्षक अन्तर्गत छाप्ने गरिन्छ। यस्ले अभियुक्तलाई समाजमा बेईज्जत हुनुको साथै रोजगार अवसरमा समेत ठुलो बाधा पर्न जान्छ।

दक्षीण अर्फ्रीका : दक्षीण अर्फ्रीकामा अभियुक्तलाई दश वर्ष जेल वा करीब सात लाखरुपैंया वा दुबैको सजायं हुने गर्दछ।

टर्की : यस देशमा भने अनौठो सजायं दिने गरिन्छ। यहांको कानून अनुसार अभियुक्तलाई शहरबाट तीस किलोमिटर टाडा लगीन्छ र फेरी शहर सम्म दौडिन लगाईन्छ।

मलेया : पूर्वी रसीयाको एक प्रान्त मलेयाको सजायं भने अनौठो मात्रै हैन विवादास्पद पनि छ। यहांको कानून अनुसार अभियुक्तलाई जेल चलान मात्र नगरेर बिभाबीत भएमा अभियुक्तको श्रीमान वा श्रीमती र अझ छोरा छोरीनै जेल चलान हुने गर्दछन्। रसीयाको धेरै भागमा भने ड्राइभींग लाईसेन्स सदाको लागी खारेज हुने गर्दछ।

अर्कोतर्फ, केहि राष्टको सजायं भने कहाली लाग्दो छ। जसमध्ये,

बूलगेरीया : बूलगेरीयामा दोस्रो पटक मादक पदार्थ शेवनगरी सवारी चलाउने सवारी चालकलाई सिदै मृत्यु दण्ड दिने गरीन्छ ।

एल साल्भाडोर : एल साल्भाडोरको सजायं बूलगेरीयाको कानूनी सजायं भन्दा पनि भयानक छ । यस राष्ट्मा प्रथम पटकमानै अभयुक्त चालकलाई सार्बजनिक सजायं क्षेत्रमा लगी बन्दूक हानी मृत्यु दण्ड दिने गरीन्छ ।

त्यसैगरी नर्वे, फिनल्यान्ड, फ्रान्समा भने पहिलो पटक कम सजायं भए पनि दोस्रो पटक भने ड्राइभींग लाईसेन्स दिर्घकालीनरुपमा खारेज हुने गर्दछ । अमेरीका तथा क्यानाडाको प्राय प्रान्तहरुमा मादक पदार्थ शेवनगरी सवारी चलाउने सवारी चालकलाई दुर्घटनामा अर्को पक्षको मृत्यु भएमा त्यस बिरुध हतियार प्रयोग भएको ज्यान सम्मन्धी मुद्दा दायर गरीन्छ । आर्थिकरुपले हेर्दा यस देशमा प्रसासनले गर्ने मौद्रीक सजाय भन्दा पनि विमा कंपनीले प्रत्येक महिना बडाउने प्रिमीयम अझ डरलाग्दो हुने गर्दछ । यस्तो अबस्थामा दोशी चालकहरुलाई बिमा कंपनीले अन्यको भन्दा करीब ६ वर्ष प्रत्येक महिना दुई तीन शय डलर बडी शूल्क लिने गर्दछ । प्राय देशहरुमा यस सन्देशलाई युवाहरु समक्ष पुर्याउन बाटा बाटामा बोर्ड राख्ने गरेको देखिन्छ । जस्तो अमेरीकी राजमार्गहरुमा सबैभन्दा प्रचलीत बोर्ड हो ूम्चष्लप म्चष्खभ बलम न्य तय व्बर्षू । त्यस्तै ूम्चष्लपष्लन बलम म्चष्खष्लन ष्क द्यबम ऋृफदष्लबतष्यलू, ूत्धय म्क अबल ष्लखष्तभ तजष्चम ग्र धजष्अज ष्क मभबतजू आदी प्रचलनमा रहेका छन् ।

विश्वका प्राय राष्ट्हरुले रगतमा ०.०८ कन्सनट्रेट लेभललाई आधार मान्ने गर्दछन् । बैज्ञानीक दृर्ष्टीकोमा ०.०८ भन्दा कम ब्लड कन्सन्ट्रेट लेभलले सवारी चालनमा त्यती बाधा नगर्ने मानीन्छ । त्यस्को बिपरीत ०.०८ भन्दा बडी ब्लड कन्सन्ट्रेट भएमा सवारी चालकको निर्णय गर्न सक्ने क्षमतामा नराम्रो असर गर्दछ र दुर्धट्ना निम्त्याउने गर्दछ ।

मादक पदार्थको शेवन गरी सवारी चलाउदा जन, घन र स्वतन्त्रताको विनाश हुन्छ । राष्ट्ले युवा शक्ति गुमाउनु पर्ने हुन्छ भने परीवारले ठूलो आर्थीक भार बहन गर्नु पर्दछ । नेपालमा पनि मादक पदार्थ शेवनगरी सवारी चलाउने चालकहरुको बिरुद्ध कडा नियम कानुन बनाई लागु गर्नु पर्दछ ।